

**के तपाईंको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नेछ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७०८०९, ९८५६०२२३३३, ९८४६१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २५ गते शनिबार ❑ 9 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## गोली लागेर घाइते जापानका पूर्वप्रधानमन्त्री आबेको निधन

रासस
टोकियो, २४ असार

गोली प्रहारबाट गम्भीर घाइते भएका जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको निधन भएको छ । जापानको पश्चिमी शहर नारामा आयोजित कार्यक्रमलाई सम्बोधन गरिरहेका बेला शुक्रबार बिहान उहाँ माथि गोली प्रहार भएको थियो ।

नारास्थित अस्पतालको सघनकक्षमा उपचाररत उहाँको भर्खरै निधन भएको सञ्चार माध्यमले जनाएका छन् ।

यसै बीच प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ । जापानको पश्चिमी सहर नारामा सम्बोधन गरिरहनुभएका उहाँलाई शुक्रबार बिहान गोली हानिएको हो । सडकमा आयोजना भएको एक सभालाई सम्बोधन गरिरहेका बेला उहाँलाई



पछाडिबाट गोली प्रहार भएको यहाँका सञ्चारमाध्यमहरुले जनाएका छन् । जापानी टेलिभिजन एनएचकेले दिएको जानकारीमा उहाँलाई गोली लागेको ठाउँबाट रगत बगिरहेको छ । उहाँ अहिले बेहोस अवस्थामा रहनुभएको पनि यहाँका मिडियाले जनाएका छन् । नाराको स्थानीय प्रहरीले उहाँलाई नजिकैको एक अस्पतालमा कोमामा राखिएको छ । नारा मेडिकल युनिभर्सिटीमा भर्ना गरिएको र उहाँको अवस्था गम्भीर रहेको यहाँका मिडियाले जनाएका छन् । प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको जानकारी दिएको छ । यसै गरी नेपालले मित्र राष्ट्र जापानका पूर्वप्रधानमन्त्री शिन्जो आबेको निधनप्रति दुःख व्यक्त गर्दै उहाँको सम्मानमा यही असार २५ गते शनिबारलाई राष्ट्रिय शोकको घोषणा गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले स्वर्गीय आबेको सम्मानमा शनिबारलाई राष्ट्रिय शोकको घोषणा गर्ने निर्णय गरेको छ । बैठकले पूर्वप्रधानमन्त्री आबेको गोली प्रहार गरी हत्या भएकामा उक्त निन्दनीय कार्यको भर्त्सना गरेको छ । नेपाल सरकारले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै जापान सरकार, जापानी जनता र स्व आबेको परिवारजनप्रति समवेदना व्यक्त गरेको छ ।

## सातौं संस्करणको 'इक्यान शैक्षिक मेला' सुरु

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीको आयोजनामा सातौं संस्करणको 'इक्यान शैक्षिक मेला' शुरु भएको छ । शुक्रवार पोखराको सभागृहमा शुरु भएको शैक्षिक मेला शनिवार पनि चल्नेछ ।

नेपाली विद्यार्थीहरुलाई स्वदेशी एवम् विदेशी शिक्षा प्रणाली तथा प्राप्त योग्यताको भावी सम्भावना र अवसरहरुको परामर्श दिन आयोजित मेलाको उद्घाटन गर्दै मेलाका प्रमुख अतिथि पियरसन/पिटीईका विजनेश डेपलभमेन्ट कन्सल्टेन्ट सुमनकृष्ण श्रेष्ठले वैदेशिक उच्च शिक्षा सम्बन्धी परामर्शमा इक्यानको जिम्मेवार भूमिका प्रसंशनीय भएको बताए । उनले मेलाबाट धेरै भन्दा धेरै विद्यार्थीहरु लाभान्वित हुने विश्वास व्यक्त गरे ।

श्रेष्ठले 'पीटीई' (पियरसन टेस्ट अफ इंग्लिस) आप्रवासी र विदेशमा अध्ययन गर्न चाहनेहरुका लागि एक विदेशी कम्प्यूटरमा आधारित अंग्रेजी परीक्षा भएकाले 'पीटीई'मा सहभागि हरेक विद्यार्थीलाई अंग्रेजी भाषामा दक्ष बनाउनुका साथै विदेशमा अवसरहरु सिर्जना गर्न सहयोग पुऱ्याउने आफूहरुको उद्देश्य रहेको बताउँदै पोखरामा



पनि छिट्टै नै 'पीटीई' सेन्टर खोल्ने तयारी रहेको जानकारी दिए । विशेष अतिथि इक्यानका केन्द्रिय अध्यक्ष प्रकाश पाण्डेले उच्च शिक्षाका लागि विदेश जाने नेपाली विद्यार्थीहरुलाई यस्ता खालका मेला निकै उपयोगी हुने बताए । उनले भने, 'अहिले उच्च शिक्षा आर्जन गर्न नेपाली विद्यार्थीहरु विदेश जाने संख्या बढेको छ, यस्तो अवस्थामा एकै थलोबाट सबै खाले जानकारी उपलब्ध हुँदा विद्यार्थीले चौतर्फी भौंतारिनु पर्दैन र सहि परामर्श दाताबाट आधिकारिक सूचना पाउने उपयुक्त स्थान भनेको इक्यान मेला नै हो ।

पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष पवन प्रजापतिले मेलाको सफलताको कामना गर्दै उच्च शिक्षाका लागि सहि मार्गनिर्देश गर्ने माध्यम शैक्षिक मेला भएकोले आगामी दिनमा पनि मेलालाई निरन्तरता दिन सुझाव दिए ।

भाषा संघ नेपालका अध्यक्ष पूर्ण न्यौपानेले मेला अवलोकन गर्न आएका विद्यार्थीहरुलाई लक्षित गर्दै उच्च शिक्षाका लागि जुनसुकै देशमा गए पनि शिक्षा आर्जन गरेपछि स्वदेशमा फर्केर त्यहाँ सिकेको सीप उपयोग गर्न आग्रह गरे । साथै इक्यानसँग भाषा संघ नेपाल सहकार्य गर्न सधैं तयार भएको बताए ।

मेलाको टाइटल स्पोन्सर इन्टरनेशनल कलेज अफ अप्लाईड साईन्सका म्यानेजिङ डाइरेक्टर समीर थापा मगरले यस्ता खालका शैक्षिक मेला नयाँ पिढीको लागि मार्गदर्शक बन्ने विश्वास व्यक्त गरे । नीजि परामर्श दातृ संस्थाहरुको छाता संगठन इक्यान कास्कीले शैक्षिक गतिविधिलाई बढाउन गरेको अभ्यास सुखद रहेको उनको भनाई छ । मेला संयोजक तथा इक्यान कास्कीका कोषाध्यक्ष युवराज पौडेलले कार्यक्रममा स्वागत गर्दै मेलाको उद्देश्यबारे जानकारी गराए । उनले शैक्षिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सक्रियतापूर्वक पार्टी काममा लाग्न अध्यक्ष ओलीको आग्रह

रासस
काठमाडौं, २४ असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले स्पष्ट कार्ययोजनासहित पार्टीका कामलाई सक्रियतापूर्वक अघि बढाउन केन्द्रीय विभागलाई निर्देशन दिनुभएको छ ।

सो पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा शुक्रबार आयोजित केन्द्रीय विभागका प्रमुख, उपप्रमुख र सचिवको बैठकमा अध्यक्ष ओलीले अब हुने निर्वाचनअघिका चार महिना पार्टीका लागि अत्यन्तै महत्वपूर्ण रहेको स्मरण गराउँदै योजनाबद्धरूपमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

"हामीले पार्टीको आन्तरिक जीवनलाई मजबुत बनाउनुपर्छ । अनुशासनहीनता बढेको छ, नैतिक राजनीतिमा कमी आएको छ । पार्टीको गन्तव्य, कार्यदिशा, कार्यनीति र कार्यक्रमप्रति सहमत नहुने मानिस पार्टीमा रहन सक्दैन । जब हामी यसमा स्पष्ट छौं भने समाजवादतर्फको यात्रामा कहीं कतै भ्रम रहनु हुँदैन । एउटै लय, एउटै ताल र एउटै प्रतिबद्धताका साथ हामी लक्ष्यमा दृढतापूर्वक लाग्नुपर्छ ।" उहाँले भन्नुभयो, "पार्टी छाडेर गएकालाई फर्काउन हामीले अधिकतम कोसिस गर्नुपर्छ । लहलहैमा लागेर, गलत कुराका पछि लागेर हिँडेका साथीलाई फर्काउन मैले नै पहल गरिरहेको छु, तपाईंहरु पनि गर्नुस् । ठूलो सङ्ख्यामा पार्टी फर्किने छिटै घोषणा हुनेछ । यस्तो अभियान तल-तलसम्म लैजानका लागि तपाईंहरु सबैजना लाग्नुस् ।"

बैठकमा महासचिव शङ्कर पोखरेलले विभागले गर्नुपर्ने कामका बारेमा स्पष्ट पार्नुभएको थियो । एमालेमा हाल ३३ विभाग छन् ।

## पोखरामा हिमालयन भेगान महोत्सव हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

पर्यटकीय नगरी पोखरामा आउदो असोजको पहिलो साता हिमालयन भेगान महोत्सव हुने भएको छ ।

वर्ल्ड भीगन अर्गनाईजेशनको सहकार्यमा र वर्ल्ड भीगन अर्गनाईजेशन नेपालको आयोजनामा असोज २ देखि ४ गतेसम्म पोखराको ग्राण्ड होटलमा पोखरामा पहिलो पटक उक्त महोत्सव हुने भएको वर्ल्ड भीगन अर्गनाईजेशन नेपालका महासचिव अजित थापाले बताए । हिमालयन भीगन महोत्सव हिमवत खण्डमा हुन गई रहेको सबैभन्दा ठुलो, निशुल्क पारिवारिक, मित्रतापुर्ण, गैर नाफमुलक, सुचनामुलक, चेतनामुलक र अन्तरक्रियात्मक विशुद्ध शाकाहारी कार्यक्रम भएको अध्यक्ष सुरेश प्रसाद शर्माले बताए । विश्वका प्रख्यात अनुसन्धनकर्ता, डाक्टर, खेलाडी, पर्वतारोही, व्यवसायी, लेखक, वातावरणविद, चलचित्रकर्मी, आध्यात्मीक व्यक्तिहरु र सेलिब्रिटीहरुको उत्साहजनक सहभागीतामा कार्यक्रम हुने भएको शर्माले दाबी गरे । ७५ भन्दा बढी सुचनामुलक प्रदर्शीहरु, मनोरन्जनात्मक स्थानीय सांगीतिक प्रस्तुती जस्ता महोत्सवका आकर्षणहरु रहेको संस्थाले जनाएको छ ।

कार्यक्रमका बोल्दै पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले पछिल्लो समयमा मानिसहरुमा शारीरिक व्यायम समेत कम भएको अबस्थामा माछा मासु रहित खानापिनले मानव स्वास्थ्यमा यसले धेरै फाइदा पुग्ने बताए ।

पर्यटन व्यवसायी गणेश भट्टराईले यस्ता महोत्सवले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन हुने विश्वास व्यक्त गरे । यस्तो प्रकारको महोत्सव हिमालय क्षेत्रमा पहिलो र ऐतिहासिक हुने आयोजकले दाबी गरेको छ । विश्वमा विशुद्ध शाकाहारी जीवनशैली विश्वव्यापी रूपमा फस्टाउँदै गइरहेको पाइन्छ । जलवायु परिवर्तन र त्यसले निम्त्याएका विभिन्न रोगसंग लड्न विशुद्ध शाकाहारी जीवनशैली एउटा महत्वपूर्ण, सहज र प्रभावकारी कडी भएको विज्ञहरु बताउछन् ।




# होटल संघद्वारा टुर प्याकेज तालिम

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

होटल संघ पोखरा नेपालको आयोजनामा हालै पोखरामा एक दिने टुर प्याकेज तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । तालिममा पर्यटन क्षेत्र सम्बद्ध तीन दर्जन व्यवसायीको सहभागिता रहेको थियो ।

आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनमा टेवा पुगोस् भन्ने उद्धेश्यका साथ नेपाल पर्यटन बोर्डको प्रबर्द्धनमा कार्यक्रम आयोजना गरिएको आयोजक संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । सो अवसरमा बोल्दै सुवेदीले होटल संघले लामो समयदेखि आन्तरिक पर्यटन प्रबर्द्धनका लागि नेपालका विभिन्न भागमा कार्यक्रम गरी जाउँ है पोखरा अभियान र भारतमा पनि त्यसैगरी चलिय पोखरा अभियान संचालन गर्दै आइरहेको स्मरण



गराए । यतिमात्र नभई चीन र अन्य तेश्रो मुलुकमा समेत नेपाल प्रबर्द्धनका लागि पर्यटन मार्टहरुमा संघ सहभागी हुँदै आएको अध्यक्ष सुवेदीले बताए ।

कोभिड १९ का कारण दुई बर्ष पोखरासँगै नेपालको पर्यटन ठप्प हुन पुग्दा थुप्रै पर्यटन व्यवसायी र यस क्षेत्रका मजदूर, कामदार र कर्मचारीहरु पलायन हुन पुगेको समेत उनले बताए । बितेका छ महिनायता पर्यटक आगमन राम्रै रहे पनि पछिल्ला दिनहरुमा भने अफ सिजन लगायत विविध कारणले पर्यटन आगमन सन्तोषजनक हुन नसकेको अध्यक्ष सुवेदीले जानकारी दिए । होटल, ट्राभल, पदयात्रा, साहसिक पर्यटन लगायत विविध क्षेत्रलाई समेटेर अहिलेको अफ सिजनमा पर्यटकका लागि विशेष प्याकेज बनाउने उद्धेश्यले समेत कार्यक्रम आयोजना गरिएको सुवेदीले बताए । आउने सेप्टेम्बर, अक्टोबार र नोभेम्बर महिनामा पर्यटक आगमन राम्रो रहनेमा आफूहरु आसावादी रहेको सुवेदीले बताए । सो अवसरमा नेपाल नागरिक उड्डयन प्राधिकरण पोखराका प्रमुख विक्रमराज गौतम, नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख निर्देशक काशिराज भण्डारी र नेपाल टुरिजम एण्ड होटल म्यानेजमेण्ट कलेज पोखराका प्राचार्य प्रकाश रेग्मीले सहभागीहरु बिच आफ्ना प्रस्तुती राखेका थिए । पर्यटन सम्बद्ध संघसंस्थाको तर्फबाट बोल्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले तालिमले व्यवसायीमा थप उर्जा मिलेको भन्दै व्यवसायलाई परिष्कृत ढंगले अगाडि बढाउन यसबाट मद्दत पुग्ने विश्वास व्यक्त गरे । सो अवसरमा आयोजक संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले उपस्थिति सबैलाई धन्यवाद दिएका थिए । कार्यक्रमको संचालन संघका महासचिव राजेन्द्र ढकालले गरेका थिए ।

# सातौं...

क्षेत्रमा भएका परिवर्तन, विभिन्न देशका शिक्षा नीति, रहनसहन, वातावरण, समाज सम्वन्धित कलेजहरु तथा विश्वविद्यालयमा लाग्ने शिक्षण शुल्क, स्वास्थ्य विमा, अध्यागमन शुल्क आदिको वारेमा अध्यावाधिक र आधिकारिक परामर्श लिने थलोको रुपमा इक्यान शैक्षिक मेला प्रभावकारी माध्यम बन्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा स्थानिय तहको निर्वाचनमा पोखरा महानगरपालिका वडा नम्वर १० को वडा सदस्यमा निर्वाचित भएकोमा इक्यानका सदस्य पूर्ण न्यौपानेलाई सम्मान गरिएको थियो । इक्यान कास्कीका अध्यक्ष इविन्द्रराज तिवारीको अध्यक्षमा भएको कार्यक्रमको सञ्चालन संस्थाका सचीव सन्तोष शाहीले गरेका थिए ।

यसैगरी इक्यान शैक्षिक मेलाको पहिलो दिन मेला अवलोकन तथा परामर्शका लागि विद्यार्थी तथा अभिभावकको उल्लेख्य सहभागिता रहेको प्रचारप्रचार संयोजक कमलनाथ बरालले जानकारी दिए । उनले शुक्रबार भन्दा शनिवार मेलामा विद्यार्थी तथा अभिभावकको संख्या बढ्ने विश्वास रहेको बताए । मेलामा नेपाली विद्यार्थीहरुलाई स्वदेशी एवम् विदेशी शिक्षा प्रणाली तथा प्राप्त योग्यताको भावी सम्भावना र अवसरहरुको परामर्श दिन आयोजना गरिएको मेलामा विदेशमा पढाई हुने कोर्ष, विभिन्न देशको भिसा नीति, त्यहाँ प्राप्त हुन सक्ने छात्रवृत्ति तथा सहुलियत, सुविधा एवं गुणस्तरिय शिक्षामा नेपाली विद्यार्थीहरुको समुचित पहुँच लगायत विविध विषयमा आधिकारिक जानकारी दिईएको छ । मेलामा शैक्षिक परामर्श व्यवसायीहरु, स्वदेशी शैक्षिक संस्थाहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, युके, अमेरिका, डेनमार्क, जापान, जर्मन, नर्वे, स्वीडेन, फिनल्याण्ड, दक्षिण कोरिया, भारत लगायत देशका कलेज तथा विश्वविद्यालयका आधिकारिक प्रतिनिधिहरु सहभागी भएको मेलामा शिक्षा मन्त्रालयबाट स्वीकृत प्राप्त प्रतिष्ठित शैक्षिक परामर्शदातृ संस्थाहरुका अनुभवी एवं तालिम प्राप्त परामर्श दाताहरुले करिव ४० स्टलबाट निःशुल्क रुपमा आधिकारिक तथा प्रभावकारी सूचना एवं परामर्श दिएका छन् ।

पियरसन (पिटीई) को प्रस्तुतिमा आयोजित मेलाको टाईटल स्पोन्सरमा इन्टरनेशनल कलेज अफ अप्लाईड साईन्स, एसोसियट स्पोन्सरमा रेन्सफोर्ड कलेज अस्ट्रेलिया, मुख्य प्रयोजकमा आईइडियु ग्रुप अष्ट्रेलियालेसाथ दिएको छ भने मेलाको सर्पोटेड बाईमा भिक्टोरियन एन्सिच्यूड अफ एजुकेशन र व्लु लोटस, बैंकिङ पार्टनरमा ग्लोवल आईएमई बैंक र होटल पार्टनरमा कुटी रिर्सोट लेकसाइड रहेका छन् ।

# सहकारीहरुलाई २४ लाख ६० हजार घुम्तीकोष रकम हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

कास्की जिल्लामा गुड नेवर्स इन्टरनेश्नल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नौलो घुम्ती नेपालद्धारा संचालित एकीकृत सामुदायिक विकास परियोजनाले ६ वटा सहकारीमा आवद्ध रहेका ४१ जना कृषकलाई कृषि तथा पशुपालन ब्यावसाय संचालनकालागि सहकारी मार्फत घुम्तीकोष परिचालन गर्ने उद्देश्यले सहकारीहरुलाई २४ लाख ६० हजार रुपैंया घुम्ती कोष सहयोग रकम हस्तान्तरण गरेको छ ।

६ वटै सहकारीका अध्यक्ष तथा ब्यवस्थापकको सहभागितामा आयोजित रकम हस्तान्तरण कार्यक्रममा गुड नेवर्स इन्टरनेश्नल नेपालका जिल्ला संयोजक मनकुमार राईले सहकारीको सुशाशन तथा सहकारी दिगो विकासकालागि सहकारी ब्यावसायको महत्वको बारेमा वोलेका थिए । नौलो घुम्ती नेपालका कार्यकारी निर्देशक अनेश गुरुङ्गले सहकारी साक्षरता जस्ता कार्यक्रम संचालन गरी सहकारीको शेयर सदस्य बृद्धि तथाउक्त कोषको प्रभावकारी परिचालनमार्फत आयआर्जन बृद्धिमा जोड दिनुपर्ने वताएका थिए । वित्त तथा प्रशासन अधिकृत तुलबहादुर रानाभाटले सहकारी प्रभावकारी संचानकालागि विभिन्न समिति तथा उपसमितिहरु र ब्यावस्थापकको जिम्मेवारी तथा प्रभावकारी लेखा अभिलेखको बारेमा प्रशिक्षण दिएका थिए । कार्यक्रम संयोजक महेश विश्वकर्माले परियोजनाले संचालन गरिरहेका कार्यक्रहरु माथी प्रकाश पार्दै समुदायमा आय आर्जन सृजनाकालागि सहकारीहरुको अहम् भुमिका रहने वताए ।

संस्थाले कास्की जिल्लामा एकीकृत सामुदायिक विकास परियोजना सन् २०१६ देखि संचालन गरिहेको छ । परियोजनाको कार्यक्षेत्र अर्न्तगत अन्नपुर्ण गाँउपालिकाको तोल्का बचत तथा ऋण सहकारी संस्था, श्री कान्छी बराह महिला विकास बचत तथा ऋण सहकारी संस्था, पन्चधाम कृषी विकास बचत तथा ऋण सहकारी संस्था, अन्नपुर्ण गाँउपालिकाको मर्दि बराह महिला विकास बचत तथा ऋण सहकारी संस्था, मादी गाँउपालिकाको मिजुरे मिलन कफी उत्पादक सहकारी संस्था र तोगी लम्तरी कफी उत्पादक सहकारी संस्था मार्फत घुम्तीकोष परिचालन तथा विभिन्न आय आर्जनका कार्यक्रमहरु संचालन गरिरहेको छ। सुरुवातदेखी हालसम्म परियोजना मार्फत ति सहकारीहरुलाई १ करोड ९ लाख ३० हजार ७ सय ७७ रुपैंया घुम्तीकोष सहयोग रकम हस्तान्तरण गरि सकिएको वित्त तथा प्रशासन अधिकृत तुलबहादुर रानाभाटले वताए । कार्यक्रमको संचालन सहकारी ब्यावसाय विकास अधिकृत संजिपबहादुर बराल क्षेत्रीले गरेका थिए ।

# रजत जयन्तीको अवसरमा बेसलाइन स्कुलमा चित्रकला प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

पोखरा महानगरपालिका वडा नं १३ स्थित बेसलाइन एकेडेमी स्कुलको रजत जयन्तीका अवसरमा पहिलो दिन चित्रकला प्रतियोगिता शुक्रवार सम्पन्न भयो ।

चित्रकला प्रतियोगितामा सृजना माविका लक्ष्मण पोखेल प्रथम, बाल कल्याण हाइ स्कुलका श्रीयाना तामाङ दोस्रो, शान्ति निकुञ्ज माविका सुजन राइ तेस्रो र बेसलाइन एकेडेमी स्कूलका मुबारक मियाँ चौथो भएको छन् । प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र चौथा हुनेलाइ क्रमश नगद सातहजार, पाँचहजार, तीन हजार, एक हजार र साथमा प्रमाणपत्र मेडल प्रदान गरिएको छ ।

त्यसैगरी प्रतियोगितामा पाँचौ स्थानमा एस ओ एसका मनिका सुनार, छैटौ कुमदिनी होम्सका सिजन श्रेष्ठ, सातौ स्थानमा विन्ध्यश्वरी आर्दश माविका सोचन श्रेष्ठ, बेसलाइन एकेडेमीका श्रेया गुरुङ आठौं, नवदिप इङ्गिलिस स्कुलका नमिता गुरुङ नवौ र करुणनिधी एजुकेशन स्कूलका एडिसन सुवेदी दशौ स्थानमा पर्न सफल भएका छन् । पाँचो देखी दशौ स्थान सम्म पर्ने विद्यार्थीहरुलाइ प्रमाणपत्र र मायाको चिनो प्रदान गरिएको छ । गण्डकी प्रज्ञा




प्रतिष्ठान पोखराका कुलपति सूर्य खड्का विखर्चीले प्रतियोगितामा दशौ स्थानसम्म पर्न सफल विद्यार्थीहरुलाइ पुरस्कार वितरण गर्दै चित्रकलाको वारे जापनको उदाहरण दिंदै महत्व र विशेषताको वारे व्याख्या गरेका थिए । एउटा चित्र भित्र हजारौ शब्दहरु लुकेको हुनाले यसको आँफैमा महत्व रहेको कुलपति विखर्चीले वताए । ६० विद्यालयका एक सय २० विद्यार्थीहरु सहभागी रहेको प्रतियोगितामा हरिराम जोजिजूको एकल निर्णायक रहेको थियो । २०५४ सालमा स्थापना भएको स्कुलले २५ वर्ष पुगेको अवसरमा आगमी माघ १४ गते सम्म अझै आठ वटा कार्यक्रम आयोजना गर्दै छ । आगमी साउन २० गते अन्तर विद्यालय स्तरीय एकल लोक नृत्य प्रतियोगिता गर्ने, भदौ ३१ गते अन्तर विद्यालय स्तरीय स्क्रायबल प्रतियोगिता गर्ने, कार्तिक २५ गते अन्तर विद्यालय स्तरीय नेपाली बक्तृत्वकला प्रतियोगिता गर्ने बेसलाइन स्कुलका निर्देशक शोभालक्ष्मी पौडेलले कार्यक्रममा सहभागीहरुलाइ स्वागत मन्तव्य दिंदै कार्यक्रमको वारे जानकारी गराइन ।

मंसीर १४ गते विद्यालय स्तरीय सेभेन ए साइड फुटबल प्रतियोगिता गर्ने, माघ ९ गते खुल्ला मिनी म्याराथुन प्रतियोगिता गर्ने लगायत स्वास्थ्य शिविर गरी आगमी माघ १४ गते वार्षिकोत्सव तथा रजत जयन्ती विशेष समारोह अयोजना गरी समापन गरिने स्कुलका निर्देशक पौडेलले भनिन् । बेसलाइन एकेडेमी स्कूलका प्रवन्ध निर्देशक षडानन्द गौतमको अध्यक्षतमा भएको कार्यक्रममा पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल, धौलागिरी माविका प्राचार्य शिव रेग्मी लगायत वोलेको कार्यक्रममा बेसलाइन एकेडेमीका शिक्षक रामप्रसाद तिमिल्सिनाले कार्यक्रम संचालन गरेका थिए ।

# बाग्लुङलाई गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

'राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकुद' को नारासहित पोखरामा असार २३ गतेदेखि सञ्चालन भएको गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उपाधि बाग्लुङ जिल्लाले जितेको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा पोखरा रङ्गशालामा शुक्रबार सम्पन्न प्रतियोगितामा समग्रमा १० स्वर्ण, १३ रजत र चार कास्यपदकसहित बाग्लुङले उपाधिसहित रनिङ शिल्डसहित र नगद रु ३० हजार पुरस्कार पायो । बागलुङले उशुमा तीन स्वर्ण र दुई रजत, कराँतेमा एक स्वर्ण, दुई रजत र दुई कास्य, तेक्वान्दोमा तीन स्वर्ण र तीन रजत, एथलेटिक्समा दुई स्वर्ण चार रजत एक कास्य, भलिबल छात्रतर्फ एक कास्य र कबड्डी छात्रतर्फ एक स्वर्ण पदक प्राप्त गर्न सफल भयो । प्रतियोगितामा नवलपुरले द्धितीय स्थान प्राप्त गरेको छ । नवलपुरले नौ स्वर्ण र छ रजत पदसहित उपविजेता बन्दा स्याङ्जाले छ स्वर्ण दुई रजत र दुई कास्य पदक तृतीय स्थान हासिल गरेको प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले जानकारी दिनुभयो । द्धितीय र तृतीय हुन सफल जिल्लाले क्रमशः रु २० हजार १० नगद पुरस्कार प्राप्त गरे । उपविजेता नवलपुरले एथलेटिक्स खेलतर्फ नौ स्वर्ण चार रजत र पाँच कास्य पदक, कराँतेमा एक रजत, तेक्वान्दोमा एक रजत र एक कास्य तथा कबड्डी छात्रातर्फ एक कास्य पदक प्राप्त गरेको थियो । यसैगरी स्याङ्जाले एथलेटिक्समा पाँच स्वर्ण, दुई रजत र एक कास्य, कराँतेमा एक कास्य तथा भलिबल छात्र/छात्रा तर्फ एक/एक स्वर्ण प्राप्त गर्न सफल भएको आयोजकले जनाएको छ । प्रतियोगितामा विजेता टिम तथा खेलाडीलाई गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ( दीपक मनाङे), प्रदेश नीति तथा योजना आयोगका सदस्य डा सुवास अधिकारी, प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङ, भूतपुर्व खेलाडी मञ्चका अध्यक्ष हरिप्रसाद पराजुली, अग्रज खेलाडी खड्गबहादुर रानाभाट लगायतले ट्रफी, मेडल, नगद र प्रमाणपत्र वितरण गर्नुभयो ।

प्रतियोगितामा गण्डकी प्रदेशका मनाङबाहेक १० जिल्लाका ५७४ खेलाडीको सहभागिता थियो । प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, तेक्वान्दो, कराँते र उशु गरी छ खेलमा पदकका लागि प्रतिस्पर्धा भएको हो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# सामुदायिक विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री

**पोखरापत्र संवाददाता**
**वालिङ, २४ असार**

स्याङ्जाका ११ सामुदायिक विद्यालयका एक हजार २५९ विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ।

चाइना फाउण्डेशन फर पोभर्टी एलिभेसनको आर्थिक सहयोग र ग्लोबल को-अपरेशन फर डेभलपमेन्टको समन्वय तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य सरस्वती अर्याल तिवारीको पहलमा वालिङ नगरपालिकाका सामुदायिक विद्यालयका बालसिकाइ कक्षादेखि ८ कक्षासम्मका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको हो । फाउण्डेशनले वालिङ नगरपालिकाभित्रका अतिविपन्न समुदायका बालबालिकाको शैक्षिक गुणस्तरमा सहयोग पुऱ्याउने उद्देश्यसहित स्कुल ब्याग, स्टेशनरी र हाइजिन किट्स वितरण गरेको कार्यक्रम संयोजक सुरेश प्याकुरेलले बताउनुभयो। वालिङ नगरपालिकाभित्रका अतिविपन्न बालबालिका अध्ययन गर्ने सामुदायिक विद्यालय छनोट गरी शैक्षिक सामग्री हस्तान्तरण गरिएको उहाँले बताउनुभयो । एघार विद्यालयका बालसिकाइ कक्षादेखि ८ सम्मका छात्र ६७० र छात्रा ५८९ गरी कूल एक हजार २५९ छन् । वालिङ-१४ को दाङ्से आधारभूत विद्यालयका २९, हिमशिखर आधारभूत विद्यालयका ६३ र जनहित माध्यमिक विद्यालयका १३३, वालिङ-११ को टापुभञ्ज्याङ राष्ट्रिय माध्यमिक विद्यालयका १८० र मुटुभञ्ज्याङ आधारभूत विद्यालयका ३१, वडा नं १३ को चिसापानी आधारभूत विद्यालयका ३६, वालिङ-१० को कालिका आधारभूत विद्यालयका ५२, वालिङ-९ को भुम्रे माध्यमिक विद्यालयका २५३, वालिङ-८ को तेजप्रगति आधारभूत विद्यालयका ५७, वालिङ-६ को राष्ट्रिय माध्यमिक विद्यालयका २३८ र वालिङ-५ को महेन्द्र माध्यमिक विद्यालयका १८७ जनालाई शैक्षिक सामग्री वितरण गरिएको उहाँले जानकारी दिनुभयो। शैक्षिक सामग्री प्राप्त भएसँगै स-साना बालबालिकामा अध्ययन गर्ने बानीको विकास तथा थप ऊर्जा मिल्ने महिला नेतृ तिवारीको भनाइ छ । "शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रमलाई एउटा अभियानकैरूपमा विभिन्न सामुदायिक विद्यालयमा सञ्चालन गर्छौं", उहाँले भन्नुभयो, "यसले आर्थिक अवस्था कमजोर भएकै कारण अध्ययनमा पछाडि परेका बालबालिकालाई केही हदसम्म सहयोग पुग्ने छ।" सामाजिक क्षेत्रमा काम गर्दै आउनुभएका व्यक्तिको पहलमा चाइना फाउण्डेशनसहितका सङ्घसंस्थाले विद्यालयका बालबालिकालाई स्कुल ब्यागसहितका सामग्री प्राप्त भएको भुम्रे माविका प्रधानाध्यापक तिलकप्रसाद पराजुलीले बताउनुभयो।

# खबरा र हाडेभिरमा सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २४ असार**

बेनी नगरपालिका-२ खबरा र हाडेभिरमा सडक कालोपत्र भएको छ। पूर्वाधार विकास कार्यालय म्याग्दीले बागलुङ-बेनी सडकको अन्तिम खण्डमा पर्ने खबरा र हाडेभिरमा कालोपत्र गरेको हो।

करिब २० किलोमिटर दूरीको बागलुङ-बेनी सडकको तीन किलोमिटर ८०० मिटर दूरीको भुवाने-हुलाकेबाहेक सबै ठाउँमा कालोपत्र भएको छ। खबरा र हाडेभिरमा सडक कालोपत्र गर्न बिरुवा-सिमरन जेभीले विसं २०७७ साउनमा करसहित रु पाँच करोड ४३ करोड ३७ हजार ५९९ मा ठेक्का सम्झौता गरेको थियो। कोरोना कारण र सार्वजनिक खरिद ऐनमा भएको संशोधन अनुसार यही असारसम्म थपिएको थियो । निर्माण कम्पनीका प्रतिनिधि प्रदीप सापकोटाले एक किलोमिटर २०० मिटर सडक कालोपत्र गर्ने काम बिहीबार सकिएको जानकारी दिनुभयो। "भत्किएको नाली सफा र पर्खाल मर्मत तथा ट्राफिक सङ्केत चिह्न राखेर हस्तान्तरण गर्ने तयारीमा छौं", उहाँले भन्नुभयो, "हाडेभिरको पहाड काटेको ठाउँमा ढलान भएको छ ।" कच्ची, साँघुरो र ग्रेड तथा घुम्ती नमिलेको सडकलाई कम्तीमा सात मिटरका दरले कालोपत्रे गरिएको छ । पहिरो रोकथामका लागि पर्खाल र भलबाढी व्यवस्थापन गर्न नाली बनाइएको छ। हाडेभिरको पहाड काटेर सडक विस्तार गर्न स्थानीय प्रशासनसँग समन्वय गरी समय तालिका बनाएर यातायात सञ्चालन गरिएको थियो । सदरमुकाम नजिकै भए पनि हाँडेभिर र खबराको सडक बर्खामा हिलाम्मे तथा हिउँदमा धुलाम्मे हुने समस्या थियो । कालोपत्र भएपछि सहज र सुरक्षितरूपमा यात्रा गर्न पाएको खबराका बासिन्दा कमल सुवेदीले बताउनुभयो । "हिलो र धुलोबाट मुक्ति मिलेको छ", उहाँले भन्नुभयो, "भसभसेको पहिरो नियन्त्रण गर्न सकेमा यो सडक दिगो हुने थियो।" पूर्वाधार विकास कार्यालय म्याग्दीका निमित्त प्रमुख गुरुदत्त अधिकारीले निर्माण व्यवसायीले डिबिएसडी प्रविधिको कालोपत्र भएको बताउनुभयो । "कामको मूल्याङ्कन, अनुगमन र नापचाँज गरेपछि हस्तान्तरण हुन्छ", उहाँले भन्नुभयो, "मौसमले साथ दियो र निर्माण व्यवसायीले निर्माण सामग्री, उपकरण र मजदुर व्यवस्थापन गर्न सकेकाले कालोपत्र गर्न सकियो।" बागलुङ-बेनी म्याग्दी र मुस्ताङ जिल्लालाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक सडक हो। यो सडकको विसं २०५२ मा मार्ग खुलेको थियो । बागलुङको रामरेखाबाट दश वर्षअघिदेखि सडक कालोपत्र गर्न थालिएको थियो। ९२ प्रतिशत भौतिक प्रगति भएको भुवाने-खबरा खण्डका निर्माण व्यवसायी दुई वर्षपछि काममा फर्किए पनि यसपालि पूर्णाता नपाउने देखिएको छ । रत्नेचौरदेखि खबरासम्मको सडक कालोपत्रे नसकिँदै लकडाउन (बन्दाबन्दी) भएर विसं २०७६ चैत महिनादेखि रोकिएको थियो। रु १३ करोड १५ लाखमा नागार्जुन देव एण्ड सायर बिएन जेभीले ठेक्का लिएको थियो । विसं २०७६ माघमा सातदेखि दश मिटर फराकिलो बनाएर विस्तार भएको सडकमा पहिलो चरणको डिबिएसडी प्रविधिको कालोपत्रे बिछ्याइएको थियो । कोरोना (भाइरस)को महामारी फैलिएपछि सोही सालको चैतमा गर्ने भनिएको दोस्रो चरणको कालोपत्रे हुन सकेन।

बर्खामा पहिरोले तीन ठाउँमा सडक भासियो । धेरै ठाउँमा नाली पुरिएको र कालोपत्र उप्किएको छ। पहिरो पन्छाउने र मर्मतसँगै दोस्रो चरणको कालोपत्र गर्न उपकरण र निर्माण सामग्री परिचालन भए पनि पूर्णता पाउन केही समय लाग्ने भएको हो।

# बागलुङमा विद्यार्थीलाई उपभोक्ता शिक्षा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ असार**

बागलुङमा विद्यालय तहदेखि नै उपभोक्ता अधिकारबारे विद्यार्थीको ज्ञान र चेतना जगाउन प्रशिक्षण अभियान थालिएको छ। राष्ट्रिय उपभोक्ता मञ्च बागलुङले उपभोक्ता शिक्षा प्रवर्द्धनका लागि विद्यार्थीलाई प्रशिक्षित गर्न सुरु गरेको हो।

मङ्गलबार र बुधबार सदरमुकामस्थित विद्यामन्दिर मावि र कालीगण्डकी आवासीय माविमा प्रशिक्षण चलाइएको मञ्चका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो। "दुई दिन गरी झण्डै ३०० विद्यार्थी प्रशिक्षणमा सहभागी बने", उहाँले भन्नुभयो, "यो अभियानकै रूपमा अगाडि बढ्छ, साउनदेखि अरु विद्यालयमा पनि गर्छौं।"

बागलुङ नगरपालिकासँगको सहकार्यमा मञ्चले नगरभित्रका विद्यालयमा उपभोक्ता सचेतनाका लागि प्रशिक्षण सञ्चालन गरेको हो। अध्यक्ष श्रेष्ठले अरु स्थानीय तहसँग पनि मिलेर जिल्लाभर उपभोक्ता शिक्षाको प्रसार र सबलीकरण गरिने बताउनुभयो।

"विद्यार्थीलाई उपभोक्ता अधिकारका कुरा बुझायौँ, सिकायौँ भने उनीहरु आफू पनि सचेत हुन्छन्, घरपरिवार र समुदायमा पनि पुऱ्याउँछन्", उहाँले भन्नुभयो, "प्रशिक्षणमा सम्बन्धित क्षेत्रका विज्ञ र अनुभवीले विद्यार्थीलाई सहजीकरण गर्छन् ।" हरेक नागरिक उपभोक्ता भएकाले आफ्ना अधिकारका बारेमा पहिले व्यक्ति स्वयं सचेत हुनुपर्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो।

सहायक प्रमुख जिल्ला अधिकारी गणेश पौडेलले विद्यालय तहका बालबालिकालाई उपभोक्ता शिक्षा फलदायी हुने धारणा राख्नुभयो। "सानो उमेर भनेको आफू कस्तो हुने र के सिक्ने भन्ने बेला हो, यस्तो प्रशिक्षणबाट बालबालिकाको सिकाइ पनि बढ्छ, उनीहरुलाई के खान हुन्छ, के हुँदैन भन्ने थाहा हुन्छ", उहाँले भन्नुभयो, "उपभोक्ता अधिकारबारे जनस्तरमा व्यापक सचेतना फैलाउन विद्यार्थी असल माध्यम हुन सक्छन् ।" दुई दिनसम्म चलेको प्रशिक्षणका क्रममा मञ्चका खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका खाद्य अनुसन्धान अधिकृत सौरभ श्रेष्ठ, भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका डा ऋषि सापकोटा, सरकारी वकिल कार्यालयका प्रमुख जिल्ला न्यायाधिवक्ता लालप्रसाद लामिछाने, मञ्चका सचिव रामबहादुर केसीलगायतले सहजीकरण गरेका थिए । सहजकर्ताले उपभोक्ता अधिकारसँग जोडिएका विविध विषयमा विद्यार्थीलाई सुसूचित गरेका थिए। खाद्य अनुसन्धान अधिकृत श्रेष्ठले दूषित खाद्य पदार्थ, न्यून गुणस्तरयुक्त खाद्य पदार्थ, 'जङ्कफुड', उपभोक्ता अधिकारसम्बन्धी कानुनी व्यवस्थाजस्ता विषयमा सहजीकरण गर्नुभएको थियो।

'जङ्कफुड'को अधिक सेवनले मस्तिष्कको विकासमा अवरोध आउने, हाडजोर्नी कमजोर हुने, बौद्धिक शिथिलताजस्ता समस्या देखापर्ने उहाँको भनाइ छ। डा सापकोटाले स्वस्थकर मासु सेवन नगर्दा मानिसले गम्भीर रोगको सामना गरिरहनुपरेको बताउनुभयो । "रोग निम्त्याउने सुक्ष्म जीवका लागि मासु उपयुक्त स्थान हो, सुरक्षित मासु सेवनका लागि मासु संरक्षणको विधि सबै उपभोक्ताले सिक्नुपर्छ जान्नुपर्छ", उहाँले भन्नुभयो, "अस्वस्थकर मासुका कारण जुनोटिक रोगको समस्या बढ्दो छ, १२ घण्टा फ्रिजमा चिस्याएर मात्र मासु प्रयोग गर्नुपर्छ ।" प्रशिक्षणमा कक्षा ४ देखि ११ सम्मका विद्यार्थी सम्मिलित थिए।

# न्यायाधीश शाहलाई बर्खास्त गर्ने न्याय परिषद्को निर्णय

**रासस**
**काठमाडौं, २४ असार**

न्याय परिषद्को शुक्रबार बसेको बैठकले उच्च अदालत तुल्सीपुरको बुटवल इजलासमा कार्यरत न्यायाधीश रेणुका शाहलाई बर्खास्त गर्ने निर्णय गरेको छ । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीको अध्यक्षमा बसेको परिषद्को बैठकले न्यायाधीश शाहलाई बर्खास्त गर्ने निर्णय गरेको हो।

न्याय परिषद्का प्रवक्ता मानबहादुर कार्कीका अनुसार न्यायाधीश शाहलाई योग्यता नपुगेका कारणले पदबाट बर्खास्त गरिएको हो । पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद शाहकी छोरी रेणुका लामो समय सीटीइभिटीमा कार्यरत रहेको र न्यायाधीश हुनका लागि योग्यता पुष्टि गर्न नसकेपछि पदबाट हटाइएको परिषद्ले जनाएको छ।

बैठकले रिक्त जिल्ला न्यायाधीश नियुक्तिका लागि सात दिने सूचना प्रकाशित गर्ने निर्णयसमेत गरेको छ। परिषद्को निर्णयअनुसार आगामी सोमबार सूचना प्रकाशित हुनेछ।

# लोप भयो बेठी लगाएर रोपाइँ गर्ने चलन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २४ असार**

म्याग्दी र यस वरपरका क्षेत्रमा नौमती बाजा बजाएर असारे भाकामा बाउसे र रोपाहारले दोहोरी गाउँदै धान रोपाइँ गर्ने 'बेठी' परम्परा लोप भएको छ।

सहरिया नयाँ पुस्तालाई मात्र होइन, ग्रामीण भेगका कृषकका छोराछोरीका लागि समेत 'बेठी' शब्द नौलो बनेको छ । ग्रामीण भेगका गाउँबस्तीमा नौमती घन्काएर असारे भाका गाउँदै रोपाइँ गर्ने चलन लोप भएपछि नयाँ पुस्ता बेठी परम्पराका बारेमा अनभिज्ञ छ। तीन दशकअघिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा नौमती बाजा बजाएर असारे भाकामा दोहोरीसहित बेठी लगाउँदै धान रोपाइँ गरिन्थो। तर पछिल्लो समय बेठी इतिहासमा सीमित हुन पुगेको छ।

वर्षौंअघिदेखि चल्दै आएको बेठी रोपाइँको चलन अहिले एकादेशको कथाजस्तो भएको स्थानीयवासी बताउँछन्। पहिले नै हिलो आली सकेर तयार पारेको पर्याप्त पानी पुग्ने खेत, तयारी अवस्थाको धानको बीउ, दर्जनौं हलगोरु, सोही अनुपातमा बाउसे, रोपाहार अनि बाजागाजाको टोली भएपछि मात्र बेठीको रौनक सुरु हुन्थ्यो । मानव जीवन र हिलो माटोबीचको सम्बन्धको प्रतीकसमेत बन्दै आएका किसानले माटोको टीका थाप्नुपर्ने बेठीमा दर्जी समुदायले बाजा बजाउने र श्रमिकले आ-आफ्नो भूमिकाअनुसारको खेतमा काम गर्नुपर्ने चलन थियो।

नौमती बाजाको तालमा रौसिँदै, असारे गीतको भाका हाल्दै, जोतेको हिलो माटोलाई लेदो बनाउन दाँदे लाउने, हिलो सम्याउने बाउसे, कोही पानीको मात्रा मिलाउने, कोही ब्याडमा बीउ काढ्ने, कसैले गरागरामा बीउका मुठा ओसारिदिने, रोपाहारले आपसमा उछिन र पाछिन गर्दै लहर मिलाएर बीउ रोपेको दृश्य निकै रोमाञ्चक हुन्थ्यो । सिमेभूमेको पूजा, ठूलो गरामा धान धेरै फलोस् भन्ने कामनासहित भकारी बाँधेर नाचसहित आपसमा हिलो छ्यापाछ्याप गर्दा दिनभरिको सबै थकान मेटिन्थ्यो।

रोपाइँ सकेपछि भोज खाने चलन रहेकाले यसलाई किसानले पछिल्लो समय पर्वका रूपमा मनाउन थालेका थिए । बेनी नगरपालिका-२ बगरफाँटका ९८ वर्षीय खड्गबहादुर थापाका अनुसार बेठीको दिन आफ्ना चेलीबेटीलाई समेत बोलाएर रोपाइँ गर्ने चलन थियो। अरु बेला गरिएको रोपाइँमा खेताला पर्म र बोलाइएकालाई पैसा दिनुपर्ने भए पनि बेठीमा आएकाको पर्म तिर्नु पर्दैनथ्यो। तर रोपाइँ सकिएपछि माटोको टीका र धानको बीउको फूल लगाएर रोपाहार र चेलीबेटीलाई दक्षिणास्वरुप पैसा दिने चलन थियो । विसं २०२१ मा लागू भएको भूमिसुधार कार्यक्रमपछि गाउँ समाजमा सामाजिक प्रतिष्ठाका रूपमा हुनेखाने वा गाउँका धनीमानी वा मुखियाकै प्रतिष्ठा वृद्धिको माध्यमका रूपमा चल्दै आएको बेठीप्रथा २०४६ सम्म कायमै थियो । मुखिया, जिमुवाल, बाबुसाहेव आदिले रोपाइँमा समाजका मानिसलाई बोलाउने गरेपछि ज्याला र अन्य सुविधाको माग हुन थाल्यो । किसानले धनीमानीको क्षणिक रमाइलोको रूपमा बेठी परम्परालाई अर्थ्याउन थाले र क्रमशः समाजबाट बेठी प्रथाको अन्त्य भएको पाइन्छ । बेठी परम्परा विगतमा जुन हिसाबले थालनी गरिए पनि लोपोन्मुख संस्कृति भएकाले यसको संरक्षण गर्नु किसानको मात्र नभएर सरकारको समेत कर्तव्य भएको सरोकारवालाको भनाइ छ । असारको अन्तिम सातासम्म पनि म्याग्दीमा खासै उत्साहपूर्वक रोपाइँ हुनसकेको छैन । पर्याप्त वर्षा नभएकाले विगतका वर्षमा असारको तेस्रो हप्तासम्म रोपीसकिने खेत अहिले भने बाँझै छन्।

# बागलुङका सत्ताइस वडा उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ असार**

बागलुङ जिल्लाका २७ वडा मनसुनजन्य प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका छन्। जिल्लाभर रहेका दश स्थानीय तहका ८५ वडामध्ये २७ वडा उच्च जोखिममा रहेको पाइएको हो।

जिल्ला विपत् व्यवस्थापन समिति बागलुङले बर्खाको समयमा हुन मनसुनजन्य प्राकृतिक प्रकोपको स्तरीकरण तथा जोखिम क्षेत्र सूचीकृत गर्दै २७ वडालाई उच्च जोखिममा राखेर सतर्कता अपनाउन भनेको छ । विपत् व्यवस्थापन समितिले प्रकोपको स्तरीकरण, सङ्कटासन्नता पहिचान, निकायगत भुमिका निर्धारण, मनसुनको बेला हुन सक्ने पहिरो, बाढी, चट्याङजस्ता प्रकोपबाट स्थानीय तहका वडामा पर्ने उच्च जोखिम, मध्यम जोखिम र निम्न जोखिममा पर्ने स्थानीय तहका वडाको स्तरीकरण गरेको हो । प्रकोपको स्तरीकरण गर्दा पहिरोको प्रकोप एक नम्वरमा परेको छ। विगत वर्षहरूको बाढी पहिरोको प्रवृत्तिलाई विश्लेषण गर्दा बडिगाड गाउँपालिकाको बडिगाड खोलाको तटीय वस्ती, काठेखोला गाउँपालिका- ५ बिहुँ काउले क्षेत्र, बरेङ गाउँपालिका-१ र ४ वडा, निसीखोला गाउँपालिका-.७, गलकोट नगरपालिका-१,२ र ३ गौदी खोला र दरमखोलाका तटीय क्षेत्र बागलुङ नगरपालिका-१ मालढुङ्गादेखि कालीगण्डकी नदीका तटीय क्षेत्र, जैमिनी नगरपालिकाका कालीगण्डकी नदीका तटीय क्षेत्र, काठेखोला गाउँपालिका- २ अछेते बजार, दोबिल्ला क्षेत्र र तमान गाउँपालिकाको बोङ्गादोभान क्षेत्र उच्च जोखिममा रहेको प्रमुख जिल्ला अधिकारी रमेश ढकालले जानकारी दिनुभयो।

मध्यपहाडी लोकमार्गको बागलुङ निसी खण्डअन्तर्गत बागलुङ नगरपालिका- ३ बोक्सेको गहिरो, काठेखोलाको टापु, काउले, गलकोट नगरपालिकाकोको नरेठाटी, हटिया, बानिया, मनेवा क्षेत्र, बडिगाडको खर्वाङ, राक्से, ग्वालीचौर, खौलार, खार, बालुवा, तुरतुरे, ढोरपाटनको खप्तरीवाङ पहिरो, ताराखोलाको सिले, साँधी, ताराखोला तटीय क्षेत्र, कालीगण्डकी कोरिडोरको गलुवा, धापेखोला, सरडी, कैया, टुटुङ्गा, जैमिनीघाट, बेलबगरलाई पहिरोको उच्च जोखिमका सूचीकृत गरिएको छ। पहिरोको प्रकोपबाट अधिकांश स्थानीय तहका वडा प्रभावित भएको तथ्याङ्क छ । स्थानीय तहबाट प्राप्त विवरणको आधारमा २७ वटा वडा उच्च जोखिममा, ३१ वडा मध्यम जोखिम र १७ वडा निम्न जोखिममा छन्। यस वर्षको मनसुनमा पहिरो प्रकोपको कारणले ३० हजार जनसङ्ख्या प्रभावित हुने सम्भावना उल्लेख गरिएको छ।

पहिरोको जोखिममा रहेका झण्डै २० विद्यालय पहिरोको कारण पूर्ण तथा आंशिकरूपमा भत्किएर पठनपाठनमा वाधा पुग्न आँकलन गरिएको छ। पहिरो गएको ठाउँमा उद्धार तथा राहतको लागि तुरुन्तै स्थानीय तह, नेपाली सेना, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटीको उद्धार टोली घटनास्थलमा पठाउने निर्णय भएको छ । यदि ठूलो नै पहिरो गएर धेरै जनसङ्ख्या प्रभावित भएको छ भने तुरुन्तै बहुक्षेत्रगत द्रुत लेखाजोखा टोली घटनास्थलमा पठाई विस्तृत सूचना सङ्कलन गर्ने निर्णय भएको प्रजिअ ढकालको भनाइ छ।

सूचना सङ्कलनको आधारमा स्थानीय तह र विषयगत क्षेत्र अगुवाले राहत तथा उद्धारसम्बन्धी कार्य सुरुआत गर्ने, स्थानीय तह र नेपाल रेडक्रस सोसाइटीले अस्थायीरूपमा बसोबास मिलाउनको लागि कार्य गर्ने साथै प्रभावितको लागि अस्थायी टहरा वा सुरक्षित आश्रयस्थलमा राख्ने व्यवस्था मिलाउने तयारी गरिएको छ।

# 'सवारी साधनको नम्बर प्लेट नेपाली भाषामा लेख्नुपर्छ'

**रासस**
**काठमाडौं, २४ असार**

नेपाली भाषा तथा साहित्यको संरक्षणका लागि सवारी साधनमा राखिने नम्बरप्लेट नेपाली भाषामा लेख्नुपर्ने बताइएको छ।

नेपाल शिक्षा परिषद्ले शुक्रबार यहाँ आयोजना गरेको 'सवारी साधनमा राखिने नम्बर प्लेटको अङ्क र अक्षर देवनागरिकमा लेखिनुपर्ने विषयक विचारसभा' बोल्ने वक्ताहरूले नेपाली भाषाको संरक्षणका लागि नेपालमा दर्ता भएका सवारी साधनको नम्बरप्लेट नेपाली भाषामा राख्नुपर्ने बताएका हुन् । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य प्रा डा हेमनाथ पौडेलले सवारी साधनमा राखिने नम्बरप्लेट नेपाली भाषामा हुनुपर्छ भन्दै नेपाल प्रज्ञा प्रतिष्ठानले लामो समयदेखि आवाज उठाउँदै आएको बताउनुभयो। "राष्ट्रियता, संस्कृति र भाषासँग जोडिएको जल्दोबल्दो समस्याप्रति नेपाल प्रज्ञा प्रतिष्ठान गम्भीर रहेको छ", उहाँले भन्नुभयो । प्रा डा पौडेलले नेपाली भाषा, संस्कृतिको संरक्षणको पक्षमा नेपाल प्रज्ञा प्रतिष्ठानले काम गर्दै आएको बताउनुभयो । उहाँले नम्बर प्लेट अङ्ग्रेजीमा राखे पनि नेपालीमा पनि राख्नुपर्ने स्पष्ट पार्नुभयो । वरिष्ठ अधिवक्ता धुव्रलाल श्रेष्ठले भाषाजस्तो संवेदनशील विषय संवैधानिक इजालसमा लगेर फैसला गर्नु गम्भीर विषय भएको बताउनुभयो । "इम्बोस्ड नम्बर प्लेटसम्बन्धी फैसला कानुन र संविधान विपरीत छ, उक्त निर्णय भाषालाई सिध्याउने प्रयास हो", उहाँले भन्नुभयो । उहाँले उक्त फैसला कार्यान्वयन भए नेपाली भाषा सकिने बताउनुभयो। वरिष्ठ अधिवक्ता श्रेष्ठले इम्बोड नम्बर प्लेटसम्बन्धी संवैधानिक इजालासले गरेको फैसला कानुन क्षेत्रमा गहिरो अध्ययनको क्षेत्र बनेको बताउनुभयो।